# महालक्ष्मी राजपत्र

महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड २) कमलपोखरी, आश्विन ७, २०७५ साल अतिरिक्ताङ्क २ (ग)


## भाग-३

## महालक्ष्मी नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि

१. **प्रस्तावना** : सामुदायिक प्रयासमा टोलको संस्थागत, समाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न नगरपालिका तथा नगरोन्मुख स्थानका सहरी बस्तीहरुमा निश्चित भौगोलिक

क्षेत्रधित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न महालक्ष्मी नगरपालिकाकाले यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

२. **उद्धेश्यः** टोल विकास संस्था गठन गर्नुका मुख्य उदेश्यहरु निम्नानुसार छन् :

१) टोल, बस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिबृद्धि गर्ने,

२) टोलबासिहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना,विकास र प्रवर्द्धन गर्ने,

३) टोल बस्तीहरुमा समानता,समताको भावना जागृत गराउने, जातीय विभेद न्यून गर्ने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ,

५) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढवा दिने,

६) बस्ती टोल स्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

७) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागीतात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्यांकन प्रक्रियामा सहभागी गराउने,

८) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण तिनीहरुको अभिलेख तयार गर्ने ।

९) टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

१०) वातावरणमैत्री तथा बालमैत्री नगर घोषण गर्न आवश्यक सहयोग गर्ने ।

**३. गठन** : टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ : **-**

१) नगरपालिका क्षेत्र र नगरोन्मुख बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।

२) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। तर दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ। टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ। एक पटक अध्यक्ष भएको व्यक्ति पुन सोही पदमा दुई कार्यकाल भन्दा बढी नियुक्त हुने छैन। कार्य समितिमा समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्दछ। कार्य समितिमा उपलव्ध भए सम्म दलित, अल्पसंख्यक, जनजाती अनिवार्य गरी समाबेशी प्रकृतिको हुनु पर्ने।

३) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ। सो सम्भव नभए

कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नु पर्नेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउन पर्नेछ ।

४) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसुची-१ मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार पार्नु पर्नेछ ।

५) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

४.**दर्ता/सुचिकृत** : टोल विकास संस्थाको दर्ता/सुचिकृत देहाय बमोजिम हुनेछ :-

१) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित वडाले दर्ता/सुचिकृत गर्नेछ । टोल विकास संस्थालाई वडामा दर्ता/सुचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना अनुसुचि-२ मा उल्लेख गरिएकोछ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित वडाले अनुसुचि-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

२) टोल विकास संस्थाको नाम नदोहोरिने गरी ऐतिहासिक, सास्कृतिक र मौलिक हुनु पर्ने ।

३) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्धेश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउँने कार्य गरेमा वडा,टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

४) वडा कार्यालयमा दर्ता भएका सबै टोल विकास संथाहरुको विवरण अनुसुचि-४ बमोजिमको ढाँचामा वडा कार्यालयले नगरपालिकामा त्रैमासिक रुपमा पठाउनु पर्नेछ ।

५. **<u>टोल विकास संस्थाको काम</u> :** टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्य गर्नेछ ।

१) टोलमा कुनै पनि आधारमा बिना विभेद सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

२) बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासका लागि सहजिकरण गर्ने ।

३) टोलमा उद्यम विकास संग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजिकरण गर्ने ।

४) टोलमा सडक, ढल लगायतका पूर्वाधारमा नगरपालिकाको सहमतीमा संस्थाको निर्णय अनुसार सेवा सुविधा लिने ।

५) टोलको विकासका लागि बिभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।

६) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

७) एच.आई.भी./एड्स, जातीय विभेद, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

८) टोलको आर्थिक तथा सामाजिक तथ्यांक अध्यावधिक गर्न सुचना अभिलेख राख्ने ।

९) सहभागीतत्मक योजना तर्जुमा गर्दा प्रथमिकताको आधारमा योजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

१०) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्तहुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सृजना गर्ने ।

१२) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१३) टोलमा भवन निमार्ण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४) टोलमा रहेको सार्वजनिक, पर्ति, एलानी आदि जग्गाको संरक्षणमा वडा तथा नगरपालिकालाई सहयोग गर्ने ।

१५) नगरपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

१६) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरिक्षण गराउने ।

१७) वडा संग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

६. **<u>टोल विकास संस्थाको कार्य समितिको बैठक:</u>** टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

१) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटकमा नघट्ने गरी बस्नेछ ।

२) समितिको बैठकमा वडाका प्रतिनिधिहरु अनिवार्य रुपमा बोलाउनु पर्नेछ र अन्य सरोकारवालाहरुलाई आमन्त्रीत गर्न सकिनेछ ।

३) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

७.**<u>टोल विकास संस्थाका कार्य समितका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार</u>** : टोल विकास संस्थाका कार्य समितका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमेजिम हुनेछ :

**क) अध्यक्षको काम,कर्तव्य र अधिकार**

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरु लागु गर्ने / गर्न लगाउने ।

६) विकासका कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) बिशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख) संस्थाको सचिवको काम,कर्तव्य र अधिकार**

१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

२) एक तिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।

४) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५) तोकिएका अन्य कार्य गर्ने ।

**ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२) खर्चको लेखापरीक्षण गराउने ।

३) बैंकमा खाता सञ्चालन गर्दा संयूक्त रुपमा खाता सञ्चालन गर्ने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**घ) संस्थाका सदस्यहरुको काम,कर्तव्य र अधिकार :**

१) संस्थाको हिसाव किताव जानकारी लिने ।

२) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।

३) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

४) आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषध्यक्षहरुलाई सघाउने ।

५) तोकिएका अन्य कार्यहरु गर्ने ।

८. **<u>आर्थिक व्यवस्थापन</u>** : संस्थाको आम्दानी, खर्च, बचत, लेखा, लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

**क) टोल विकास संस्थाको आम्दानी :**

१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

३) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णय अनुसार छुट्याउने रकम ।

४) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**ख) खर्च**

१) संस्थाको विकास निमार्णको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

२) संस्था सञ्चालन, व्यवस्थापन र लेखापरिक्षणका लागि गर्नु पर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**ग) बचत**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको बचत मानिनेछ ।

२) बचत संस्थाको निर्णयानुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**घ लेखा** : संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र

व्यवस्थापनमा भएको प्रशासनिक खर्चको स्पस्ट लेखा राख्नु पर्दछ ।

२) कोषध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ ।

ङ) **लेखापरीक्षण :-** संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :-

१) संस्थाले नियूक्त गरेको लेखापरीक्षकबाट परीक्षण गराउनु पर्नेछ ।

२) आबश्यकता अनुसार वडाले पनि संस्थाको आम्दानी खर्चको लेखापरिक्षण गर्न सक्ने ।

३) संस्थाले आफ्ने बार्षिक लेखपरिक्षणको प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धीत वडामा समेत पेश गर्नु पर्नेछ ।

९ . **विविध** १) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरु संग बाझिएमा बाझिएका बुँदाहरु स्वत खारेज हुनेछन ।

२) यो कार्यविधि कार्यान्यनका क्रममा कुनै बाधा अड्चन आएमा नगरकार्यपालिकाको निर्णयानुसार फुकाउन सकिनेछ ।

३) टोल विकास संस्थाको काम कार्वाहीको सम्बन्धमा वडा कार्यालयले र आवश्यकता अनुसार नगरपालिकाले समेत अनुगमन गर्न सक्नेछ ।

४) टोल विकास संस्था सम्बन्धी विवरणहरु नगरपालिकाको सामाजिक विकास शाखाले राख्नु पर्नेछ ।

अनुसुची-१

टोल विकास संस्थाको लागि विधानको नमुना

# ......................... टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रूपमा उपलव्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गर्दै गाउँ र नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रूपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने, आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ....................................................... टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

**१. प्रारम्भिक**

## संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान ....................................................... टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम................................................हुनेछ।

(ग) यो विधान ............................................ टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय............................ मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना :

पूर्व ..........................पश्चिम ............................

उत्तर ........................ दक्षिण ..............................

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) संस्था' भन्नाले ...................................................... टोल विकास संस्थालाई सम्झनु पर्छ।

(ख)'विधान' भन्नाले ……………..……………………टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ।

(ग) 'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनु पर्छ।

(घ) 'समिति' भन्नाले यस विधान बमोजिम गठित टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।

(ङ) 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(च) 'पदाधिकारी' भन्नाले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्यसमितिका सदस्यहरु वा अन्य पद ग्रहण गर्ने व्यक्तलाई सम्झनु पर्छ।

३. **संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) यस संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न सक्नेछ। तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्री गर्न भने पाउने

छैन । संस्था विघटन भए संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिका कार्यालयमा हस्तान्तरण हुनेछ ।

४. **संस्थाका उद्देश्यहरूः संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।**

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्दै अगाडि बढ्ने ।

(ख) टोलका ब्यक्तिहरूको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका समुदायको व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा अनुगमन तथा मुल्यांकन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

(ङ) यस टोलले समाज सेवाका लागि एम्बुलेन्स खरिद गरी सेवा प्रदान गर्न सक्नेछ ।

(च) यस टोलको क्षेत्रभित्र रहेको फोहरमैला व्यवस्थापन गर्न सहयोग पुऱ्याउनेछ ।

(छ) खानेपानीका श्रोतहरु, सांस्कृतिक धरोहर, मठमन्दिर निर्माण तथा संरक्षण गर्ने ।

(ज) टोलमा भएगरेका विसंगतिलाई हटाई स्वच्छ समाज बनाउनका लागि पहल गर्ने ।

(झ) यस संस्थाले बालबालिकाको लागि हित हुने कार्य गर्न सक्नेछ ।

(ञ) यस संस्थाले अनाथ, अपांग तथा वृद्धवृद्धाहरुको सेवा र सम्मान गर्नेछ ।

(ट) माथि उल्लेखित कामहरु नगरपालिकासँग समन्वय गरी गरिनेछ।

**५. टोल विकास कार्यसमितिको गठन: टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ।**

(क) नगरपालिकाका नगरउन्मुख बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।

(ख) हालको अवस्थामा कार्यकारिणी समिति ११ जनाको रहने छ। ९ जना निर्वाचित र २ जना मनोनितबाट रहने छ।

(१) अध्यक्ष -१

(२) उपाध्यक्ष - १

(३) सचिव - १

(४) सह-सचिव -१

(५) कोषाध्यक्ष - १

(६) सदस्य संख्या - ४

(७) मनोनित - २

कार्यसमितिको कार्यकाल २ वर्ष हुनेछ, पदावधि समाप्त नभई कुनै पद रिक्त भएमा साधारण सदस्य मध्येबाट मासिक बैठकले चयन गर्नेछ।

(ग) कार्यसमितिमा अनिवार्य सहभागी गराइनेछ।

(घ) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरपरिवार सहभागी गराइनेछ। यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ।

(ङ) टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला सहभागी गराइनेछ। अध्यक्ष वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्नेछ।

६. **संस्थाका कार्यहरू: टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन्।**

(क) प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने।

(ख) संस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) टोलमा आइपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने।

(घ) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने।

(ङ) एच.आइ.भी. एड्स, जातीय विभेद, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बालविवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल परिवारलाई जानकारी गराई सचेत गराउने।

(च) आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षरोपण गर्ने।

(छ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री बनाउन विविध कार्यक्रम सञ्चालन गर्ने।

(ज) टोलमा बसोबास गर्ने वासिन्दाको वीचमा भवन निर्माण गरी मापदण्ड सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(झ) वातावरणमैत्री स्थानीय शासनका सुचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सो सूचना कार्यान्वयन गर्न सहयोग गर्ने।

(ञ) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्ड अनुरुप भए नभएको जानकारी लिई सुझाव दिने।

(ट) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने।

(ठ) टोलमा रहेका सार्वजनिक पर्ती, ऐलानी आदि जग्गाहरुको सुचना दिई नगर समितिलाई सहयोग गर्ने।

(ड) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतमा वा सोहि नभए बहुमतमा गर्ने।

(ढ) नगरपालिका विकास समितिको राजश्व परिचालनमा सहयोग गर्ने।

(ण) नगरपालिकाको समितिसँग भएको समझदारी अनुसार अन्य कार्यक्रमहरु गर्ने।

**७. सदस्यता :**

(क) यस विधानको उद्देश्यबमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछ।

(ख) सदस्य बन्न इच्छुक टोलवासीलाई विधान अनुसार सदस्यता प्रदान गरिनेछ।

**८. सदस्यता नरहने : देहायका अवस्थामा सदस्यता रहन सक्ने छैन।**

(क) गैर नेपाली नागरिक र १६ वर्ष पुरा नगरेको ।

(ख) फौजदारी अभियोग प्रमाणित भई सजाय पाएको।

(ग) कुनै चोरी, ठगी, किर्ते वा जालसाजी गरे अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहर गरी सजाय पाएको एक वर्ष नकाटिएको व्यक्ति

(घ) संस्थाको व्यक्ति बाध्यात्मक अवस्थामा बसाईंसराई जानु परेमा व्यक्तिको सम्पूर्ण हिसाबको ६५% सदस्यलाई फिर्ता गरी र बाँकी संस्थामा नै रहने व्यवस्था रहनेछ।

(ङ) सदस्यको मृत्यु भएमा।

(च) सदस्यता नवीकरण नगराएमा।

(छ) विधानमा उल्लेखित सदस्यता सम्बन्धी योग्यता नभएको भनि कुनै सदस्यबनट लिखित आरोप लागी प्रमाणित भएमा।

(ज) संस्थाको उद्देश्य, नीति, कार्यक्रम हित विपरित कार्य गरेमा सदस्य खारेज गर्न भनी साधारण सभाले निर्णय गरेमा हटाउन सक्नेछ।

सदस्यबाट लिखित राजीनामा दिई स्वीकृत भएमा।

(ञ) विना जानकारी कुनै सदस्य तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा।

(ट) समाजको विघटन भई कुनै अस्तित्व नरहेमा जा नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा।

९. **संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाको कार्यसमिति एवं साधारण सभा तथा संस्थाको सम्पूर्ण कामकारवाहीको रेखदेख गर्ने गराउने।

(ख) कार्यसमितिको बैठकको अध्यक्षता गर्ने।

(ग) साधारण सभा र कार्यसमितिद्वारा गरिएको निर्णयको कार्यान्वयन गराउने।

(घ) बैंक खाता सञ्चालन गर्ने।

(ङ) कार्यसमिति पदाधिकारीले दिएको राजीनामा स्वीकृत गर्ने।

(च) माग फारम स्वीकृत गर्ने र बिल भौचर प्रमाणित गर्ने तथा सम्पूर्ण सम्पत्तिको रेखदेख र संरक्षण गर्ने।

(छ) कार्यसमितिको स्वीकृति लिई कुनै कर्मचारी नियुक्ति गर्ने वा गराउने।

(ज) पदाधिकारी सदस्यहरु तथा कर्मचारीहरुमा कामको बाँडफाँड गर्ने।

(झ) संस्थाको हितको लागि सम्पूर्ण काम गर्ने।

**(२) सचिवको काम, कर्तव्य र अधिकारः**

(क) संस्थाको कार्यालय सुचारु रुपमा सञ्चालन गर्ने।
बैठकको एजेण्डा तयार गर्ने।

(ख) अध्यक्षको अनुमति लिई बैठक बोलाउने, माइन्युट राख्ने र पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने।

(ग) साधारण सभाको एक तिहाई सदस्यले लिखित रुपमा माग गरेमा विशेष साधारण सभाको प्रस्ताव पेश गर्ने।

(घ) साधारण सभामा प्रतिवेदन पेश गर्ने।

(ङ) कोषाध्यक्षको कार्यमा सहयोग पुऱ्याउने।
भावी नीति तथा कार्यक्रम तर्जुमा गरी बैठकमा पेश गर्ने।

**(३) कोषाध्यष्क्षको काम, कर्तव्य र अधिकार :**

(क) सम्पूर्ण आर्थिक कारोबार ठीक तरिकाले सञ्चालन गर्ने र अभिलेख राख्ने । प्रत्येक हिसाव किताव समय समयमा कार्यसमितिलाई जानकारी गराउने र लेखा परीक्षण गराउने तथा साधारण सभामा आय व्ययको प्रतिवेदन पेश गर्ने।

(ख) साधारण सदस्यबाट प्राप्त हुने विभिन्न शुल्क आम्दानी र खर्चको अभिलेख राख्ने र उठ्न बाँकी शुल्क समय समयमा उठाउने र सो सम्बन्धी विवरण प्रत्येक सभामा राख्ने।

(ग) संस्थाको चल अचल सम्पत्तिको जिम्मा लिने र प्रवर्द्धन गर्ने।

(घ) संस्थाको स्थायी कोषको स्थापना र सञ्चालनका लागि कोष संकलन गर्ने नीति निर्माण गरी कार्यान्वयन गराउने आफूले त्यसको सम्पादन तथा संसोधन गर्ने।

(ङ) संस्थालाई आर्थिक रुपमा दरिलो बनाउन आर्थिक नेतृत्व दिने ।

(च) संस्थाको हितमा खर्च गर्ने ।

**(४) सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

(क) कार्यसमितिको बैठक प्रत्येक सदस्यले सक्रियताका साथ बैठकमा भाग लिई निर्णायक भूमिका खेल्ने ।

(ख) सभा र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार सहयोग गर्ने ।

(ग) समितिको विभिन्न कार्यमा सहयोग पुऱ्याउने ।

(घ) साधारण सभामा सहभागी भई निर्वाचन कार्यमा सक्रिय रुपमा भाग लिने ।

(ङ) विधानमा तोकिएका अन्य कामहरु गर्ने ।

**१०. साधारण–सभाको गठन : साधारण सभाको गठन देहाय बमोजिम रहनेछ ।**

(क) संस्थाको सम्पूर्ण सदस्यहरू रहेको एक साधारण सभा हुनेछ ।

(ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ ।

ग) निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

(घ) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।**

**१. वार्षिक साधारण सभा**

**२. विशेष साधारण सभा**

**११. साधारण सभाको काम, कर्तव्य र अधिकार**

(क) वार्षिक कामको समीक्षा तथा लेखा परीक्षण गर्ने ।

(ख) विधान संसोधन गर्ने तथा समिक्षा गर्ने ।

(ग) कार्यकारिणी समितिको नियुक्ति तथा राजीनामा स्वीकृत गर्ने ।

(घ) कार्यसमितिको कामको मुल्यांकन र भावी कार्यक्रमको निर्धारण गर्ने ।

(ङ) आगामी वर्षको वार्षिक कार्ययोजना तयार गर्ने ।

(च) यस विधानको अधिनमा रही नियम विनियमको निर्णय गर्ने ।

(छ) यस विधानको अधिनमा रही कसैको कार्यक्षेत्र नतोकिएको अन्य सबै काम गर्ने ।

(ज) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै पुस्तिका राख्ने ।

(झ) लेखा परीक्षक नियुक्त गर्ने ।

१२. **आर्थिक व्यवस्था :** १) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछन् ।

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने रकम ।
- अन्य आम्दानी ।

२) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण प्रतिवेदन पारित गरी पेश गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

३) संस्थाको नाममा प्राप्त वा खरीद–अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

**१३. कार्यसमिति तथा पदाधिकारीहरुको राजीनामा**

क) समितिका सदस्यहरुले आफ्नो तर्फबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

ख) अध्यक्षले आफ्नो पदबाट राजीनामा चाहेमा सचिव मार्फत यस संस्थाको बैठकमा पेश गर्नुपर्नेछ सो उपर संस्थाले निर्णय गरे बमोजिम कारबाही हुनेछ ।

**१४. अविश्वासको प्रस्ताव**

कार्यसमितिको पदाधिकारीहरुले संस्थाको उद्देश्य विपरित काम गरेको भनि ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतिलाई बढी जोड दिइनेछ।

**१५. विविध**

क) विधान संसोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरिनेछ।

ख) प्रचलित ऐन नियमहरुसँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वत: खारेज हुनेछ।

## तदर्थ समितिका सदस्यहरुको विवरण

| क्र.सं. | पद | नाम थर | ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सहसचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

**संस्थाको छाप, चिन्ह**

अनुसुची-२

## टोल विकास संस्थालाई वडा कार्यालयमा दर्ता गर्ने निवेदनको नमुना

मितिः .............

श्रीमान् वडा अध्यक्षज्यू
......नं वडा कार्यालय
...........................

विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस वडा द्धारा सञ्चालित वडा नं .......को ......................टोलमा गठन गरिएको .......................................टोल विकास संस्थालाई ...............................वडा कार्यालयमा दर्ता/सुचिकृत गरिदिनु अनुरोध गर्दछु । यस ............................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहेनछ ।

पूर्व सिमाना :
पश्चिम सिमाना :
उत्तर सिमाना :
दक्षिण सिमाना :

निवेदक

.................................

अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना :

# अनुसुची-३

## वडा नं .................. कार्यालय

## महालक्ष्मी नगरपालिका

## ललितपुर

## प्रमाण -पत्र

.................................नगरपालिका वडा नं ......स्थित .......................मा गठन भएको ...............................टोल विकास संस्थालाई यस कार्यालयमा मिति .....................मा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

...........................

वडा अध्यक्ष

# टोल विकास संस्था नविकरण तालिका

| आ.व/ मिति | नविकरण दस्तुर | जरिवना/छुट | बहाल कर | प्र.व. शु | परिचयपाटी शुल्क | जम्मा रकम रु | रसिद नं | तिरेको मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसुची-४

| क्र. सं. | टोल विकास संस्थाको नाम ठेगाना | समितिका पदाधिकारीहरुको विरण | | | वर्ष भरी गरेको कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नाम थर | पद | सम्पर्क नं | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणिकरण मिति : २०७५/६/७**

**नगरकार्यपालिकाको तर्फबाट,**
**लक्ष्मी प्रसाद रेग्मी**
**महालक्ष्मी नगरकार्यपालिकाको सचिव**

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. ३०।-